सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४

## कोरोना भाइरस नियन्त्रण र रोकथामका लागि गण्डकी प्रदेश सरकारका तर्फबाट आज भएका गतिविधिहरु

*मिति २०७७/१/४ गते*

कोभिड -१९ संक्रमण नियन्त्रण तथा रोकथामका लागि अपनाउनुपर्ने सावधानी तथा उपचारमा गर्नुपर्ने प्रोटोकलको अभिमूखीकरणको लागि गण्डकी प्रदेश अन्तर्गतका ११ वटै जिल्लामा आज देखि नै विशेषज्ञ चिकित्सक, प्रयोगशाला प्राविधिक र स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरुको टोली खटिएको छ । टोलीमा सामाजिक विकास मन्त्रालयका महाशाखा प्रमुख शम्भु ज्ञवाली, मणिपाल अस्पतालका डा सी.पी आचार्य, गण्डकी मेडिकल कलेजका डा संजीवमणि रेग्मी लगायतको टोलीले प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुखहरु तथा जिल्ला अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी, नर्सिङ स्टाफहरुसंग संयुक्त बैठक गरी Case Management, Treatment Protocol लगायतका विषयमा अभिमूखीकरण प्रदान गरेको छ । यसैगरी लमजुङ जिल्ला सामुदायिक अस्पतालमा सोहि विषयमा डा राजीव लालचन, डा मोनी सुवेदी लगायतको टोलीले अभिमूखीकरण संचालन गर्नुभएको थियो ।









सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४



स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माज्यू, प्रदेश स्वास्थ्य आपूर्ति व्यवथापन केन्द्रका निर्देशक श्री खिमबहादुर खड्का ज्यू, सामाजिक विकास मन्त्रालयका महाशाखा प्रमुखज्यूहरु, प्रदेश जनस्वास्थ्य प्रयोगशाला गण्डकी प्रदेशका निमित्त निर्देशक सपना सुवेदीज्यू लगायतले सामाजिक विकास मन्त्री माननीय नरदेवी पुन मगरज्यूसंगको संयुक्त बैठकमा कोभिड - १९ रोकथाम र नियन्त्रणका लागि भए गरेका विभिन्न प्रयासहरु तथा प्रयोगशाला परीक्षण, RDT किटबाट गरिएका परीक्षण, स्रोत तथा सामग्रीहरुको मौज्दात, आदि विषयमा जानकारी गराउनुभएको थियो।



गण्डकी प्रदेशका विभिन्न अस्पतालका प्रमुखहरुसंग स्वास्थ्य निर्देशनालयका निर्देशकज्यूले भर्चुअल बैठक गर्नुभएको छ। कन्फ्रेन्स बैठकमा कोभिड -१९ महामारीको नियन्त्रण र रोकथाममा अस्पतालहरुले खेलेको भूमिका, अस्पतालमा रहेको स्रोत र साधनको अवस्था, चुनौतिहरु लगायतका विषयमा छलफल भएको थियो। उक्त कन्फ्रेन्स बैठकमा प्रदेश स्वास्थ्य आपतकालीन कार्य संचालन केन्द्रका संयोजक नवराज शर्माको समेत उपस्थिति रहेको थियो भने धौलागिरी अंचल अस्पताल, स्याङ्जा अस्पताल, बेनी अस्पताल, गोरखा अस्पताल, दमौली अस्पताल, लगायतका अस्पताल प्रमुखज्यूहरुको उपस्थिति रहेको थियो।



कोरोना भाइरस रोग (COVID-19) रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धी कार्यविधि, २०७६ को दफा ८ बमोजिम गठित कोष संचालक समितिको आज माननीय मुख्यमन्त्री श्री पृथ्वीसुब्बा गुरुङज्यू, कोष संचालक समितिका संयोजक तथा सामाजिक विकास मन्त्री माननीय श्री नरदेवी पुन मगरज्यू लगायत समितिका सम्पूर्ण सदस्यज्यूहरूको उपस्थितिमा बैठक बसी गण्डकी प्रदेश भित्रका बिभिन्न अस्पताल र स्वास्थ्य कार्यालयबाट गरिएको बजेट, जनशक्ति लगायतको माग तत्काल सम्बोधन गर्ने , ब्याक अप प्लान तयार पार्ने, अत्यावश्यक सामग्री खरिद गर्ने, कोषमा रकम जम्मा गरी योगदान गर्ने र आवश्यक सामग्री उपलब्ध गराई सहयोग गर्ने सहयोगी संस्थालाई धन्यवाद ज्ञापन गर्ने आदि निर्णय भयो

**आजसम्म हेल्लो डाक्टर १०९२ कार्यक्रममा ६३३ जनाले चिकित्सकीय परामर्श सहितको सेवा लिएका छन्**

सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४

गण्डकी प्रदेशमा भएका क्वारेन्टाइन, आइसोलेसन, संकलित नमूना र नतीजा (PCR र RDT समेत) सम्बन्धि बैशाख ४ गते (४ बजे सम्म )

जिल्लास्थित स्वास्थ्य कार्यालयहरुले पठाएको तथ्यांकको आधारमा प्राप्त विवरण

| जिल्ला | क्वारेन्टाइन | | | होम क्वारेन्टाइनमा रहेका | फिभर क्लिनिक | | आइसोलेसन | | विदेशबाट आएकाको संख्या | RDT किटबाट गरिएको परिक्षण | संकलित नमुना | नेगेटिभ | पोजिटिभ | नतिजा आउन बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | बेड | बसेका | | संख्या | जाँचेको | बेड | बसेका | | | | | | |
| कास्की | 11 | 493 | 0 | 96 | 5 | 227 | 111 | - | 348 | 382 | 128 | 123 | 0 | 5 |
| स्यांग्जा | 34 | 1117 | 29 | 486 | - | 46191 | 4 | - | 601 | 453 | 101 | 101 | 0 | 0 |
| तनहुँ | 30 | 176 | 1 | 550 | - | 40 | 42 | - | 713 | 480 | 12 | 12 | 0 | 0 |
| लमजुङ | 68 | 949 | 32 | 24 | 4 | 541 | 5 | - | 188 | 149 | 44 | 44 | 0 | 0 |
| गोरखा | 42 | 334 | 6 | 193 | 71 | 483 | 27 | 0 | 397 | 223 | 5 | 5 | 0 | 0 |
| पर्वत | 11 | 375 | 18 | 185 | - | 326 | 20 | 0 | 316 | 330 | 68 | 68 | 0 | 0 |
| म्याग्दी | 16 | 125 | 24 | 91 | - | 2 | 6 | 0 | 138 | 132 | 14 | 11 | 0 | 3 |
| बाग्लुङ्ग | 32 | 251 | 36 | 803 | - | 13664 | 12 | 2 | 836 | 1041 | 62 | 60 | 2 | 0 |
| नवलपुर | 24 | 755 | 66 | 48 | - | - | 24 | 0 | 560 | 215 | 24 | 24 | 0 | 0 |
| मनाङ्ग | 7 | 61 | 1 | 2 | 5 | 53 | 7 | - | 3 | 12 | 3 | 3 | 0 | 0 |
| मुस्ताङ्ग | 15 | 96 | 0 | 0 | 4 | - | 10 | - | 25 | 7 | - | - | - | - |
| **जम्मा** | 290 | 4732 | 213 | 2478 | 89 | 61527 | 268 | 2 | 4522 | 3424 | 461 | 451 | 2 | 8 |

नबराज शर्मा
स्वास्थ्य शिक्षा प्रशिक्षक
स्वास्थ्य निर्देशानालय, पोखरा

घरमै बसौं, सुरक्षित रहौं

हेलो डाक्टर
१०९२ प्रदेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रको टोल फ्री नं. १०९२ मा सम्पर्क गर्नुहोस् ।